फोन/फ्याक्सः ०६१-४६२६७४
e-mail: ec.deo.kaski@gmail.com
deo.kaski@election.gov.np

# निर्वाचन आयोग
# प्रदेश निर्वाचन कार्यालय
## गण्डकी प्रदेश, पोखरा ।

प.सं. : ०७९।०८०
च.नं.: ३३

मिति : २०७९।०५।२३

श्री पोखरा महानगरपालिका,
नगर कार्यपालिकाको कार्यालय, पोखरा ।
श्री अन्नपूर्ण गाउँपालिका,
गाउँ कार्यपालिकाको कार्यालय, ढीकुरपोखरी ।
श्री माछापुच्छ्रे गाउँपालिका,
गाउँ कार्यपालिकाको कार्यालय, लाहाचोक ।
श्री मादी गाउँपालिका,
गाउँ कार्यपालिकाको कार्यालय, याङजाकोट ।
श्री रुपा गाउँपालिका,
गाउँ कार्यपालिकाको कार्यालय, भिरचोक ।

**विषयः आयोगको निर्णय कार्यान्वयन सम्बन्धमा ।**

प्रस्तुत विषयमा स्थानीय तह निर्वाचन, २०७९ को नगर कार्यपालिका, गाउँ कार्यपालिका र जिल्ला समन्वय समितिमा उम्मेदवार भई निर्वाचनको अन्तिम परिणाम प्रकाशित भएको मितिले ३० (तीस) दिनभित्र निर्वाचन खर्चको विवरण पेश गर्ने उम्मेदवारहरुको खर्चको विवरण सार्वजनिक गर्ने सम्बन्धि मिति २०७९।०५।२३ मा प्रकाशित सूचना पाना १, स्थानीय तह निर्वाचन, २०७९ को नगर कार्यपालिका, गाउँ कार्यपालिका र जिल्ला समन्वय समितिमा उम्मेदवार भई निर्वाचनको अन्तिम परिणाम प्रकाशित भएको मितिले ३० (तीस) दिन भित्र खर्चको विवरण पेश नगर्ने उम्मेदवारहरुको नाउँमा सात दिन भित्र सफाई सहितको स्पष्टिकरण पेश गर्ने सम्बन्धि मिति २०७९।०५।२३ मा प्रकाशित सूचना पाना १, यस कार्यालयमा निर्वाचन खर्चको विवरण पेश गर्ने र नगर्ने ताहाँ कार्यपालिका र जिल्ला समन्वय समितिका उम्मेदवारहरुको विवरण र निर्वाचन आयोगबाट सो सम्बन्धमा मिति २०७९।५।१४ मा भएको निर्णयको पाना ३ यसैसाथ संलग्न छ । सो सम्बन्धमा देहायबमोजिम गरी मिति २०७९।०५।२९ गते ५ बजे भित्र यस कार्यालयमा जानकारी गराउनुहुन अनुरोध छ ।

**देहायः**

१. संलग्न दुवै सूचना र नाम नामेशी विवरण ताहाँ कार्यालयको सूचना पाटी र वेभसाइटमा प्रकाशन गरी यस कार्यालयलाई जानकारी गराउने ।

२. समय भित्र निर्वाचन खर्चको विवरण पेश गर्ने उम्मेदवारहरुले खर्चको विवरण सार्वजनिक गर्ने र सोको जानकारी मिति २०७९।०५।२९ गते ५ बजे भित्र यस कार्यालय वा निर्वाचन आयोगमा गराउने ।

३. समय भित्र निर्वाचन खर्चको विवरण पेश नगर्ने उम्मेदवारहरुले आफ्नो सफाइ सहितको स्पष्टिकरण मिति २०७९।०५।२९ गते ५ बजे भित्र यस कार्यालय वा निर्वाचन आयोगमा पेश गर्ने ।

..................................
**(हुमनाथ पराजुली)**
**प्रदेश निर्वाचन अधिकारी**